स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




तुलसी घिमिरेले ७ वर्षपछि निर्देशनमा कमब्याक गर्न लागेको फिल्म 'पहाड'को एक गीतमा अभिनेता विपिन कार्कीले आफ्नो स्वर दिएका छन् । आइतबार काठमाडौंको महाराजगञ्जस्थित भेनस रेकर्डिङ स्टुडियोमा उनले र्‍याप गीत गाएका हुन् । उनले यसअघि फिल्म 'छक्के'को 'भुटुटुटु' गीत पनि गाएका थिए । 'पहाड'को गीतमा विपिनलाई भारती घिमिरे (तुलसी घिमिरेकी श्रीमती) लगायतले गायनमा साथ दिएका छन् ।

**आजको विचार...**



दसैं...
(दुई पेजमा)

डा. शोभाकर पराजुली



फिल्म निर्माता तथा अभिनेता निश्चल बस्नेतले आफ्नो फिल्म 'बेहुली फ्रम मेघौली'को महत्वपूर्ण दृश्य खिचेर सामाजिक संजालमा हाल्नेलाई कार्वाही गर्न भन्दै सोमबार नेपाल प्रहरीको साइबर ब्युरोमा उजुरी दिएका छन् । आफ्नो फिल्मलाई क्षति पुगाकोले त्यस्ता सामाजिक संजालका एकाउन्ट ब्लक गर्न र दोषीलाई कार्वाहीको माग गर्दै बस्नेतले निवेदन दिएको साइबर ब्युरोका प्रवक्ता दीपकराज अवस्थीले जानकारी दिए । निवेदन दिन बस्नेत सोमबार बिहान ब्युरोमा पुगेका थिए ।


❒ वर्ष ३० ❒ अंक ८४ ❒ २०८१ असोज २२ गते मंगलबार 8 October 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-


## संक्षिप्त समाचार

### आगलागी हुँदा ७ जनाको मृत्यु

(रासस / सिन्हुवा)

**नयाँ दिल्ली,** असोज २१/भारतको दक्षिणपश्चिमी राज्य महाराष्ट्रको मुम्बई सहरमा आइतबार एक भवनमा आगलागी हुँदा दुई बालबालिका सहित कम्तीमा सात जनाको मृत्यु हुनुको साथै अन्य केही घाइते भएको स्थानीय प्रहरीले पुष्टि गरेको छ ।

देशको आर्थिक राजधानी मुम्बईको चेम्बुर क्षेत्रमा आइतबार बिहान आगलागी भएको हो । मृतक सबै एकै परिवारका सदस्य थिए । भुइँ तल्लामा पसल र पहिलो तल्लामा आवासीय एकाइ रहेको दुई तल्ले भवनमा आइतबार आगलागी भएको हो । घटना हुँदा मृतकहरु सुतिरहेका थिए ।

## नागरिक सहकारीको पाँचौं साधारण सभा

# सहकारीमार्फत गरिबी निवारण सम्भव : सांसद राना

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज २१/लुम्बिनी प्रदेशका सांसद तथा पूर्व मन्त्री वीरबहादुर रानाले सहकारीमार्फत गरिबी निवारण सम्भव रहेको बताएका छन् । सोमबार नागरिक बहुउद्देश्यीय सहकारी संस्थाको पाँचौ वार्षिक साधारण सभालाई तानसेनमा सम्बोधन गर्दै सांसद रानाले सहकारी क्षेत्रको विकासबाट आत्मनिर्भर अर्थतन्त्रको निर्माण गरी गरिबी निवारणमा सहयोग पुग्ने बताएका हुन् ।




**गरिबी निवारण बिना समृद्धि**

हासिल गर्न नसकिने भन्दै सहकारीमार्फत नै गरिबी निवारण सम्भव भएको उनको भनाइ छ । सांसद रानाले पछिल्लो समय केही सहकारीहरुले गरेका गलत गतिविधिका कारण सिंगो सहकारीप्रति विश्वास गुम्दै गएकाले सहकारी अभियानमा केही चुनौति थपिएको उल्लेख गरे । उनले भने 'अहिलेको अवस्थामा सहकारी सञ्चालकहरु इमान्दारी र पादर्शी हुन जरुरी छ । त्यसो भयो भने मात्र सहकारीप्रति आमनागरिकको विश्वास जाग्छ ।' सबै सहकारीहरुलाई एकै नजरमा हेर्न नहुने भन्दै थुप्रै सहकारीहरुले राष्ट्रहित र जनहितको पक्षमा काम गर्दै आएको सांसद रानाले बताए । उनले भने,'समस्यामा रहेका सहकारी संस्थाको संख्या औंलामा गन्ने मात्रै छ, सहकारीले गरेका राम्रा कामको भने प्रचारै हुँदैन । उद्देश्यअनुरूप चलेका थुप्रै सहकारी संस्थाले राष्ट्रहित र जनहितको पक्षमा राम्रो काम गरिरहेका छन् ।' भूमिको उत्पादकत्व बृद्धि,उन्नत र आधुनिक कृषि उद्योगको विकास बजारिकरण, खाद्य सम्प्रभुता र ग्रामीण गरिबीको जीवनस्तर उकास्ने कार्यतर्फ प्रदेश सरकार लागिरहेको समेत सांसद रानाले बताए । सहकारीका परिकल्पनाकार समेत रहेका उनले स-सानो पुँजी भएकाहरुको रकम बचत गरी उनीहरुलाई आर्थिक उपार्जनसँग जोड्ने उद्देश्य राखेर नागरिक सहकारीको स्थापना गरिएको र सोही अनुसार अगाडि बढेको उल्लेख गरे । सांसद रानाले अब बचत र ऋण मात्र प्रदान गर्ने होइन सहकारीले रोजगारी र उद्यमलाई समेत अगाडि बढाउनु अहिलेको आवश्यकता रहको औल्याए । उनले गाउँका युवा र महिलाहरुलाई उत्पादन र उद्यमसँग जोडेर आत्मनिर्भर बनाउन सकियो भने मात्र मुलुकको समृद्धि हुने बताए । सांसद रानाले भने, 'व्यक्तिको जीवनस्तर सुधार गर्नु अहिलेको आवश्यकता हो, व्यक्तिको अवस्था सुधार भए मात्र समाज र राष्ट्रको अवस्था सुधार हुन्छ ।' उनले सहकारी सबैको साझा संस्था भएकाले सहकारीमा आवद्ध सबै व्यक्तिहरुको जिम्मेवारी महत्वपूर्ण हुने धारण व्यक्त गरे । कार्यक्रममा विशिष्ट अतिथि हिमालदत्त श्रेष्ठले संस्थाका शेयर सदस्यहरुलाई उत्पादन र रोजगारसँग जोड्न आवश्यक रहेको बताए । उनले अझै पनि दुरदराजमा रहेका नागरिकहरुको आर्थिक अवस्था अत्यन्त कमजोर रहेकाले उनीहरुको जीवनस्तरमा सुधार ल्याउने गरी अगाडि बढ्न सहकारीलाई आग्रह गरे । सभापति श्रेष्ठले संस्थालाई संस्थागत बनाउने कुरामा सबै सहकारी सञ्चालकहरु एक हुनुपर्नेमा समेत जोड दिए । उनले भने,'संस्थामा पद लिनु ठूलो कुरा होइन, कुशल जिम्मेवारी वहन गर्नु महत्वपूर्ण हो, त्यसैले सबैले आ-आफ्नो ठाउँबाट जिम्मेवारी पुरा गरौं ।' पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले छोटो समयमा नागरिक सहकारीले जिल्लाको वित्तिय क्षेत्रमा पुर्‍याएको योगदान महत्वपूर्ण रहेको बताए । उनले सहकारीको प्रतिवेदनले नै सहकारीको अवस्थाका बारेमा प्रष्ट पारेको उल्लेख गरे । अध्यक्ष भट्टराईले उद्योगी, व्यवसायीहरुको समस्या समाधानमा सहकारीसँगै पाल्पा उद्योग वाणिज्य संघ सहकार्य गर्न तयार रहेको उल्लेख गरे । संस्थाका अध्यक्ष झमन बहादुर राजमगरले आर्थिक वर्ष २०८१/०८२ का लागि कार्यक्रम तथा प्रस्तावहरु सभामा पेश गरेका थिए । उनले एक सदस्यले सदस्य थप गरी साथी जोडौं कार्यक्रम सञ्चालन गरी सदस्य संख्या वृद्धि गर्ने, शेयर सदस्यहरुलाई सहकारी शिक्षा तालिम कार्यक्रमलाई निरन्तरता दिने, सदस्य साझेदारी अर्न्तगत अध्ययन अवलोकन भ्रमण सञ्चालन गर्ने, महिला लक्षित कार्यक्रम सञ्चालन गर्ने, लघुउद्यम सम्बन्धी सीप सिकेका सदस्यहरुलाई आत्मनिर्भर बनाउन युवा लक्षित कार्यक्रम अर्न्तगत लगानी वृद्धि गर्ने, शेयर सदस्यका परिवारमा दैविप्रकोपबाट धनजनको क्षति भएमा विपद् व्यवस्थापनमा केही राहत उपलब्ध गराउने लगायतका प्रस्तावहरु पेश गरेका थिए । उक्त प्रस्तावहरु सर्वसम्मत रुपमा पारित गरिएको छ । वार्षिक प्रतिवेदन पेश गर्दै अध्यक्ष मगरले २०८१ असार मसान्तसम्म सहकारीले एक करोड ४८ लाख १२ हजार २ सय पुँजी, ९४ लाख ११ हजार ८ सय ४३ बचत, २ करोड ३८ लाख १४ हजार ५ सय लगानी र १९ लाख १९ हजार ९ सय ५ रुपैयाँ खुद नाफा गर्न सफल भएको बताए ।

कार्यक्रममा संस्थाका पूर्वपदाधिकारी रुक्मागत भट्टराई, अशेष भट्टराई, सुनिता अधिकारी, शान्ता बोहोरा, कान्ता अधिकारी, जेष्ठ नागरिकतर्फ इन्द्रबहादुर रावल क्षेत्री र ज्ञानबहादुर थापलाई सम्मान गरिएको सहकारीका प्रवन्धक डोलराज अर्याललले जानकारी दिए । संस्थाकी कोषाध्यक्ष शान्ति झेडीले आर्थिक प्रतिवेदन र लेखा सुपरिवेक्षक समितिका संयोजक लोकनाथ अधिकारीले लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाका अध्यक्ष झमनबहादुर राजमगरको अध्यक्षता, उपाध्यक्ष पुरुषोत्तम अर्यालको स्वागत, सचिव देवीप्रसाद भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## डेंगी नियन्त्रणका उपाय

- लामखुट्टेको वृद्धि विकास रोक्न लामखुट्टेले फुल पार्न सक्ने ठाउँ पत्ता लगाई नष्ट गर्ने तथा गमला, टायर वा कुनैपनि खुला भाँडामा पानी जम्न नदिने ।
- लामखुट्टेको टोकाईबाट बच्ने उपायहरू अपनाउने ।
- डेंगीका लक्षण देखिए तत्काल स्वास्थ्यकर्मीसँग सल्लाह गरी उपचार गराउने ।



नेपाल सरकार

**विज्ञापन बोर्ड**







पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## महँगी नियन्त्रण गर

हिन्दुहरुको महानपर्व दसैं, तिहार नजिकिएसँगै बजारमा अचाक्ली महँगी बढेको छ । चाडपर्वको संघारमै विगतमा जस्तै नेपाली उपभोक्ताले अस्वाभाविक मूल्यवृद्धिको सामना गर्नु परेको छ । बजारमा महँगीले उपभोक्ताको ढाडमात्रै होइन करङ्ग नै सेक्ने अवस्था उत्पन्न भएको छ । चाडपर्व सुरु भएसँगै नेपाली बजारमा विभिन्न वस्तुको भाउ अस्वाभाविक रुपमा बढ्न थालेको छ । नियमित प्रयोग हुने अत्यावश्यक वस्तुहरु चामल र चिनीको मूल्य क्रमिक बढिरहेको छ । मूल्य वृद्धि हुनुको स्पष्ट कारण नभएपनि व्यापारीहरू भने चिनी र चामलको मूल्य बढ्नुमा भारतले निकासीमा गरेको कडाइ र भन्सार महसुल वृद्धि हुनुलाई देखाउँछन् । नेपालमा ब्यापारीहरूले महंगी बढाउन तिज, दसैं तिहार लगायतका चाडपर्व कुरेरै बस्ने भएकाले भारतबाट जति सस्तोमा सामान आएपनि अहिले महंगी घटने अवस्था छैन । सरकारी अनुगमन संयन्त्र समेत यही बेला मूकदर्शक बन्ने गरेको छ । भारतबाट ल्याउँदै भाउ बढेको वस्तुको भाउ बढाउनु स्वाभाविक भए पनि मौज्दात रहेकै वस्तुको भाउ बढाउने गरिएको छ । यसले बजारमा जति महँगी बढाए पनि कसैले केही गर्दैन भन्ने भावनाको विकास भएको छ । मूल्यवृद्धि नियन्त्रण गर्नेतर्फ सरकार वा सम्बन्धित निकायले कुनै सक्रियता नदेखाउनु आफैमा दुःख र चिन्ताको विषय हो । राज्यको उपस्थिति हुँदाहुँदै पनि उचित बजार नियन्त्रण हुन नसकेपछि कालाबजारियाहरु हैसिएका छन् । जति मूल्य बढाए पनि नियन्त्रण गर्ने कोही छैन भन्ने भ्रम पालेर व्यापारीहरुले मूल्यमा एकाधिकार कायम गरेका छन् । जसले गर्दा आमउपभोक्ताको भान्सा महँगी बन्न पुगेको छ । यसरी आम नागरिकको भान्सामा महँगी बढ्दै गएका बेला सरकार र सरोकारवाला निकाय मुकदर्शक भएर बस्न कदापि मिल्दैन । यसर्थ आमनागरिकलाई सहजै चाडपर्व मनाउन महँगी नियन्त्रणमा सरकारले तत्काल ठोस कदम चाल्न जरुरी छ ।

### Opinion @ Social Network

कसैले केही भन्दैमा केही फरक पर्दैन
किनकि त तिनीहरुको संघर्षले जिउने होइन त आफ्नो संघर्षले जिउने होस !
*(विपिन घिमिरेको फेसबुक स्टाटस www.facebook.com/Bipin.Ghimire)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# दसैँ उदात्त संस्कृतिको विराट आयाम



डा. शोभाकर पराजुली

> *वसन्त अनि वर्षा ऋतु र शारदीय मौसमको आरम्भसँगै एउटा भव्य सांस्कृतिक सुगन्ध छाउँछ दसैँको । यो श्लोकमा दसैँको सांस्कृतिक, प्राकृतिक अनि मानवीय संस्कारको एउटा आदिम साइनो गाँसिएको छ । यसको अर्थ हुन्छ, वसन्त अनि वर्षायामसँगै शारदीय मौसम सुरु भएसँगै चण्डीपाठ गर्दा त्यो बीचमा भएका अनि आउँदा संकट पनि सबै नाश भएर जान्छन् भन्ने मान्यता हो । दसैँको सांस्कृतिक पक्ष अर्थात यो पर्वमा हुने पूजाआजा त्यही मान्यताका आधारशीला हुन् । हिन्दूकुश हिमालय पर्वतको काखमा अवस्थित नेपाल राज्य स्थापनाका आफ्नै वैदिक अनि परम्परागत मान्यता छन् । उसै पनि अध्यात्मिक पवित्र भूमिका रुपमा चिनिने नेपाल राज्यमा सनातनदेखि नै दसैँको परम्परा सुरु भएको देखिन्छ । नेपालको इतिहासमा लिच्छविकालको सुरुआतदेखि नै यस्ता वैदिक सनातन संस्कार प्रचलनमा आएको देखिन्छ । यहाँको आदिमानव सभ्यतामा वैष्णव, शैव, शात्तललगायत धर्ममा गरिने देवीको पूजाआजाको धार्मिक परम्परा नै दसैँका रुपमा स्थापित हुँदै गएको पाइन्छ । यद्यपि, यसका अनेक किंवन्दती छन् । यसका वैदिक अनि धार्मिक मान्यता छन् र यसका आ-आफ्नै मौलिकता छन् । धर्म अनि परम्पराबाट अलि परबाट हामीले यसलाई महसुस गर्यौं भने दसैँ एउटा सामाजिक उत्सव पनि हो ।*

**बसन्त-शरदावेव सर्वनास करावुभौ ।**
**तस्मात तत्र प्रकतम्बम् चण्डिका पूजनम् बुधैः ।।**

वर्षा सकिएर हाम्रो माटो ओभाउन थालेसँगै यतिबेला नेपालीका घरआँगनमा दसैँको उल्लास छरिइसकेको छ । मौसम नै एक प्रकारले दसैँको भावमा सुगन्धित हुन थालेको छ । देशको सबैभन्दा ठूलो यो पर्वले फेरि एकपटक सम्पूर्ण नेपालीलाई एउटा आत्मियताको मालामा गाँसेको आभाष छाएको छ ।

वसन्त अनि वर्षा ऋतु र शारदीय मौसमको आरम्भसँगै एउटा भव्य सांस्कृतिक सुगन्ध छाउँछ दसैँको । यो श्लोकमा दसैँको सांस्कृतिक, प्राकृतिक अनि मानवीय संस्कारको एउटा आदिम साइनो गाँसिएको छ । यसको अर्थ हुन्छ, वसन्त अनि वर्षायामसँगै शारदीय मौसम सुरु भएसँगै चण्डीपाठ गर्दा त्यो बीचमा भएका अनि आउँदा सङ्कट पनि सबै नाश भएर जान्छन् भन्ने मान्यता हो । दसैँको सांस्कृतिक पक्ष अर्थात यो पर्वमा हुने पूजाआजा त्यही मान्यताका आधारशीला हुन् । हिन्दूकुश हिमालय पर्वतको काखमा अवस्थित नेपाल राज्य स्थापनाका आफ्नै वैदिक अनि परम्परागत मान्यता छन् । उसै पनि अध्यात्मिक पवित्र भूमिका रुपमा चिनिने नेपाल राज्यमा सनातनदेखि नै दसैँको परम्परा सुरु भएको देखिन्छ । नेपालको इतिहासमा लिच्छविकालको सुरुआतदेखि नै यस्ता वैदिक सनातन संस्कार प्रचलनमा आएको देखिन्छ । यहाँको आदिमानव सभ्यतामा वैष्णव, शैव, शात्तललगायत धर्ममा गरिने देवीको पूजाआजाको धार्मिक परम्परा नै दसैँका रुपमा स्थापित हुँदै गएको पाइन्छ ।

यद्यपि, यसका अनेक किंवन्दती छन् । यसका वैदिक अनि धार्मिक मान्यता छन् र यसका आ-आफ्नै मौलिकता छन् । धर्म अनि परम्पराबाट अलि परबाट हामीले यसलाई महसुस गर्यौं भने दसैँ एउटा सामाजिक उत्सव पनि हो । जहाँ नेपाली समाजको विविधताबीच एकता पनि झल्किन्छ । अनेक विविधताले भरिएको नेपालमा हरेक पर्व मनाउने सबैका आ-आफ्नै तरिका छन् । संस्कार अनि परम्परा छन् । तथापि हरेक पर्व अनि उत्सवहरूले दिने सन्देशमा भने तात्विक अन्तर देखिन्छ । अर्थात हरेक पर्वले सामाजिक र सांस्कृतिकसँगै एउटा मानवीय सन्देश पनि दिइरहेका हुन्छन् । जो अन्ततः मानव जाति र प्रकृतिको चक्रसँग गाँसिएको हुन्छ । दसैँ पनि त्यस्तै हो । दसैँ मान्ने तरिका फरक छन्, कसैले टीका लगाउँछन्, कसैले रातो लगाउँछन् त कसैले सेता, कसैले कालो । कसैले मासु खान्छन् कसैले खाँदैनन् । कसैले कस्तो वेष धारण गर्छन्, कसैले कस्तो । जसले जे नाम वा जसरी मनाए पनि दसैँको महिमा अनि महत्व पनि एउटै हो । यो मानवजाति र प्रकृतिको अन्य सम्बन्ध र पारस्परिक परिचक्रसँग जोडिएको छ । यसको अन्तिम लक्ष्य भनेको मान्छे र प्रकृतिको आदिम साइनो पनि हो, जसको चक्रमा यो सिङ्गो ब्रह्माण्डको अस्तित्व अनादिकालदेखि नै रहिआएको छ । धार्मिक किंबदन्तीअनुसार देवीले दैत्यहरूको नाश वा बध गरेपछि त्यसलाई उत्सवका रुपमा मनाउने क्रममा दसैँ स्थापित भएको मानिन्छ । त्यसैलाई विजयादशमी पनि भन्ने गरिन्छ । अनि कतिपय शास्त्रमा रामले देवीको पूजा गरेपछि रावणमाथि विजय प्राप्त गरेका मान्यताहरू स्थापित छन् ।

हिन्दू परम्परामा मानिँदै आएका कोटीकोटी देवीदेवता वा भगवानमध्ये दसैँमा खासगरी शक्तिपीठ अर्थात देवीहरूको पूजा हुन्छ । त्यो भनेको दसैँ असत्यमाथि सत्यको विजयोत्सवका रुपमा पनि लिइन्छ । यस अर्थमा दसैँलाई शक्ति उपासनाको पर्वका रुपमा लिन सकिन्छ । हिन्दू शास्त्रहरूमा यसका आ-आफ्नै विधि र प्रक्रिया छन् । जस्तो कि विजयादशमीका बेला हामीले लगाउने टीका, जमरा अनि आर्शीर्वादका पनि आफ्नै मान्यता र अर्थ छन् । यसका वैज्ञानिक व्याख्यातिर नजाने हो भने यी दसैँका यी सबै अवयवहरूमा मानव सभ्यताका गहिरा अर्थहरू गाँसिएका छन् । जस्तो कि- दसैँका बेला आफूभन्दा ठूला, मान्यजन अनि अग्रज आफन्त दसैँमा टीका लगाउँदा यसरी आर्शीर्वाद दिने चलन छ-

**आयुद्रोणसुते श्रियं दशरथे शत्रुक्षयं राधवे ।**
**ऐश्वयं नहुषे गतिश्च पवने मानंच दुर्योधने ।।**
**सौर्य शान्तनवे वलं हलधरे सत्यंच कुन्तीसुते ।**
**विज्ञानं विदेरे भवतु भवतां कीर्तिश्च नारायणे ।।**

यसमा अष्ठ चिरञ्जीविको जस्तो दीर्घायू, राजा दशरथको जस्तो धन सम्पत्ति, रामचन्द्रको जस्तो शत्रु नाश गर्ने शक्ति, भीष्मका पराक्रम अनि कृष्णका दाजु बलरामको शक्ति, युधिष्ठिरको सत्यवादिता, विदूरको ज्ञान-विज्ञान अनि नारायणको अविनाश कीर्तिहरूको सन्देश गाँसिएको छ ।

खासगरी पुरुषहरूलाई दिइने यस्तो आशीर्वादमा मात्रै धर्म वा किंबदन्ती छैनन् । बरु यसमा ज्ञान-विज्ञानका कुरा पनि गाँसिएका छन् । यसरी दसैँ र यसलाई मनाउने तरिका अनि परम्परामा विज्ञान पनि मिसिएको छ । हामीले दसैँका बेला अपनाउने कतिपय संस्कार वैज्ञानिक पनि छन् । यी अनुसन्धानले पनि प्रमाणित गरेका कुरा हुन् ।

**जयन्ती मङ्गला काली भद्रकाली कपालिनी ।**
**दुर्गा, क्षमा, शिवा, धात्री, स्वहा, स्वधा नमस्तुते ।।**

महिलाका लागि टीका, जमरासँगै दिइने यो आशीर्वादको अझ गहिरो अर्थ लाग्छ । यो भनेको हाम्रा सृष्टिका हरेक नारीहरूको सम्मान हो । अर्थात् नारीलाई देवीशक्तिका रुपमा पूजा गर्ने हाम्रो सनातन परम्पराअनुसार नारीलाई देवीकै अवतारका रुपमा लिइन्छ । यसरी दसैँले मानव सभ्यता र यसको सृष्टीलाई धर्मका माध्यमद्वार बलियो गरी बाँधेको हुन्छ ।

अर्को हिसाबबाट हेर्ने हो भने दसैँका सामाजिक अनि आर्थिक शास्त्र पनि छन् । वर्षायामभरि खेतीपाती सकेर यो समयमा हरेक किसानले आनन्दपूर्वक दसैँ मनाउने गर्छन् । टाढा टाढा रहेका आफन्त अनि परिवारका सदस्यहरू एकै ठाउँमा भेला भएर खुसी र आत्मियता साट्ने यो पर्वको आफ्नै सामाजिक मान्यता पनि छन् । यसबेला बजार पनि चलायमान हुन्छ । नयाँ नयाँ सामान भित्र्याउने अनि किनमेलका लागि यो पर्वले राज्यको अर्थबजारलाई पनि गतिशील बनाइरहेको हुन्छ ।

तसर्थ, दसैँ आफैँमा धार्मिक पर्व त हो नै, त्यसका लागि सामाजिक अनि आर्थिक हिसाबले पनि दसैँ एउटा परिवार, समाज मात्रै नभइ सिङ्गो राष्ट्रका लागि पनि महत्वपूर्व अवसर मानिन्छ । योसँगै सुरु हुने तिहार अनि छठपर्वले पनि एकअर्को समुदायलाई धार्मिक र आत्मिक गाथामा बाँधेको हुन्छ । यसबाट हाम्रो सनातन समाजको सहिष्णुता र मिलाप दर्साउँछ । त्यसमा पनि नेपाल आफैँमा एउटा बहुधार्मिक अनि बहुसांस्कृतिक समाज मिलेर बनेको एउटा सार्वभौम र स्वायत्त राष्ट्र हो । त्यसैले पनि यहाँका परम्परा अनि संस्कृतिहरूको पहिचान विश्व माझमै अलग प्रकारको छ ।

जे होस् अनेक संस्कृतिले भरिपूर्ण हाम्रो देशमा यस्ता हरेक पर्वले सामाजिक सद्भाव, भ्रातृत्व अनि हरेक समुदाय र समाजलाई प्रेमिल बनाउन सघाइरहेका हुन्छन् । त्यसैले पनि नेपाली समाज आफैँमा सभ्यता र संस्कृतिको विराट भूमि पनि हो । दसैँ, तिहार र छठ पर्वको यो पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा दीर्घायु, उन्नति अनि समृद्धिको शुभकामना ।

*-रासस*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयूकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीहरूसँग जुध्नुपर्नेछ । | **तुला** :खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ । |
| **वृष** :प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनुका साथै दिगो लाभ हुने काम प्रारम्भ हुनेछ। | **वृश्चिक** : साझेदारीबाट पनि फाइदा उठाउन सकिनेछ । |
| **मिथुन** :परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ। | **धनु** :पुराना कामको चर्चा हुनेछ भने नयाँ अवसर पनि प्राप्त हुनेछ । |
| **कर्कट** : नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ने हुनसक्छ। | **मकर** : चुनौतीहरू स्वतः हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन्। |
| **सिंह** :धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ । | **कुम्भ** : गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ। |
| **कन्या** : नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । | **मीन** :परिस्थिति अनुकूल रहे पनि धनमाल हराउने डरले सताउन सक्छ। |

## विज्ञान/सूचना प्रविधि

# शाओमी रेड्मी १४ सी नेपाली बजारमा



शाओमीले रेड्मी १४ सी स्मार्टफोन नेपाली बजारमा सार्वजनिक गरेको छ । शक्तिशाली प्रदर्शन, अद्भुत डिस्प्ले, आकर्षक डिजाइन र अत्याधुनिक प्रविधिको संयोजनसहित ग्राहकलाई उत्कृष्ट अनुभव प्रदान गर्न रेड्मी १४ सी ल्याएको कम्पनीले जनाएको छ ।

फोनमा ६.८८ इन्चको डट ड्रप डिस्प्लेसहित १२० हर्ट्ज रिफ्रेस रेट छ । मिडियाटेक हेलियो जी ८१-अल्ट्रा प्रोसेसरद्वारा सञ्चालित यो स्मार्टफोनले सहज मल्टिटास्किङ र गेमिङ प्रदर्शन निश्चित गर्ने कम्पनीको भनाइ छ । आकर्षक तस्बिर र सेल्फीका निम्ति ५० मेगापिक्सेलको एआई डुअल क्यामेरा र १३ मेगापिक्सेलको फ्रन्ट क्यामेरा फोनमा उपलब्ध छ । १८ वाटको फास्ट चार्जिङ र अधिकतम आठ जीबी ऱ्याम तथा २५६ जीबी स्टोरेजसहित ५१६० एमएएचको ब्याट्री फोनमा छ ।

शाओमी नेपालका कन्ट्री जनरल म्यानेजर मनु मनस्वीज्युले नेपालमा रेड्मी १४ सी ल्याउन पाएकामा खुसी व्यक्त गरेका छन् ।

**मूल्य र फिचर**

शक्तिशाली मिडियाटेक हेलियो जी ८१-अल्ट्रा प्रोसेसर रहेको फोन कोर्टेक्स-ए७५ र कोर्टेक्स-ए ५५ कोरको विशेषता भएको अक्टा-कोर सीपीयू र माली-जी५२ एमसी २ जीपीयूसहित सहजै ग्राफिक ह्यान्डल गर्ने कम्पनीले जनाएको छ । रेड्मी १४ सीमा ६०० निट्स एचबीएमले अधिकतम उज्यालो र कम ब्लु लाइटमा पनि सहजै स्मार्टफोन चलाउन मद्दत पुग्ने कम्पनीको भनाइ छ ।

ब्राउजिङ, गेमिङ वा भिडियो हेर्नेका निम्ति फोनको ब्याट्रीले २२ घण्टासम्मको भिडियो प्लेब्याकलाई सपोर्ट गर्ने बताइएको छ । रेड्मी १४ सी मिडनाइट ब्ल्याक, ड्रिमी पर्पल र सेज ग्रीनका तीन रङमा उपलब्ध छ । फोनको चार जीबी ऱ्याम र १२८ जीबी स्टोरेज भएको भेरियन्टको प्रतिमूल्य १३ हजार ९९९ रुपैयाँ कायम छ ।

यस्तै, ६ जीबी ऱ्याम र १२८ जीबी स्टोरेज भएको भेरियन्टको मूल्य १५ हजार ९९९ रुपैयाँ तोकिएको छ । आठ जीबी ऱ्याम तथा २५६ जीबी स्टोरेज भएको भेरियन्टको मूल्य १९ हजार ९९९ रुपैयाँ कायम छ । यही असोज ११ गतेदेखि नै यी फोन नेपालभरका सबै एमआई स्टोर र शाओमीका आधिकारिक रिटेल आउटलेटमा उपलब्ध भएको कम्पनीले जनाएको छ ।

***-बाह्रखरी डटकम***


## गुल्मी दरबार गाउँपालिकाको अनुरोध

- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।

**भेषराज घिमिरे** प्रमुख प्रशासकीय अधिकृत | **तारा थापा ढेंगा** उपाध्यक्ष | **सरोजकुमार थापा** अध्यक्ष

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
औंडाकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## मालिका गाउँपालिकाको अनुरोध

- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।
- काटेको वा पकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।

**कमल बहादुर क्षेत्री** प्रमुख प्रशासकीय अधिकृत | **उपेन्द्र अर्याल** उपाध्यक्ष | **देविराम अर्याल** अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्खबाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


# कम्प्युटरमा जेपिजी फाइल खुलेन ? यसो गर्नुहोस्




यदि विन्डोज १० वा विन्डोज ११ अपरेटिङ सिस्टम भएको तपाईंको कम्प्युटरमा फोटो अर्थात् जेपिजी फाइल खुलिरहेको छैन भने त्यसमा विभिन्न कारणहरु जिम्मेवार हुनसक्छन् ।

फोटो फाइल करप्ट हुनु वा डिफल्ट फोटो भ्युअरमा समस्या हुँदा पनि कम्प्युटरमा जेपिजी फाइल नखुलेको हुनसक्छ। यदि तपाईंको यस्तो समस्या भोगिरहनुभएको छ भने त्यसलाई समाधान गर्ने केही टिप्स यस्ता छन् :

**१. जेपिजी फाइलमा भएका समस्या हटाउनुहोस्**

यदि तपाईंको कम्प्युटरमा रहेको जेपिजी फाइलको नाम अति नै लामो छ वा फाइल एक्सटेन्सन गलत छ भनेपनि त्यो नखुल्न सक्दछ । यदि त्यस्तो हो भने फाइललाई पुन:नामाकरण गरी छोटो नाम राख्नुहोस् र त्यसको एक्सटेन्सनलाई ।jpg बनाउनुहोस् । कहिलेकाही जेपिजी फाइलको साइज निकै ठुलो हुँदा पनि कम्प्युटरमा नखुल्न सक्दछ । यस्तो अवस्थामा आफुले खोल्न खोजेको जेपिजी फाइलको साइज हेर्नुहोस् । यदि त्यो निकै ठुलो रहेछ भने फोटो एडिटर वा अनलाइन टुलमार्फत् त्यसको साइट घटाएर पुन: खोल्ने प्रयास गर्नुहोस् ।

तर, यदि कम्प्युटरमा केही निश्चित जेपिजी फाइलमात्रै खुलेको छैन र अरु सबै खुलेका छन् भने त्यसरी नखुल्नुको कारण सम्बन्धित फाइल करप्टेड भएर हुनसकछ । यो पत्ता लगाउनका लागि तपाईंले नयाँ जेपिजी फाइल वेबबाट खोलेर त्यसले राम्रोसँग काम गर्छ गर्दैछ हेर्न सक्नुहुन्छ ।

**२. फोटो एप अपडेट, रिपेयर वा रिसेट गर्नुहोस्**

विन्डोज १० र विन्डोज ११ कम्प्युटरमा जेपिजी फाइल खोल्नका लागि माइक्रोसफ्ट फोटोज नै डिफल्ट एपको रुपमा रहेको हुन्छ । त्यसैले उक्त एपमा समस्या आउँदा जेपिजी फाइल नखुल्न सक्दछ ।

यो समस्या समाधानका लागि माइक्रोसफ्ट स्टोर खोल्नुहोस् र फोटोज एप खोज्नुहोस् । यदि त्यहाँ उक्त एपको नयाँ भर्सन उपलब्ध छ भने त्यसलाई इन्स्टल गर्नका लागि update मा क्लिक गर्नुहोस् । यसरी फोटोज एप अपडेट गर्दा जेपिजी फाइल नखुल्ने समस्या समाधान हुनसक्छ । यदि त्यसो गर्दा पनि समस्या हटेन भने तपाईंले विन्डोजमा रहेको एप रिपेयर फिचरको प्रयोग गर्नुपर्दछ । त्यसका लागि :

- कम्प्युटरको टास्कबारबाट start मेन्यू आइकनमा राइट क्लिक गर्नुहोस् र Installed apps छान्नुहोस् ।
- एपहरुको सूचिमा स्क्रोल गर्दै वा सर्च बारमा खोजेर उजयतयक एपमा जानुहोस्
- त्यसको साइडमा रहेको तिनवटा थोप्लावाला मेन्यूमा क्लिक गर्नुहोस् र त्यसपछि देखिने advanced अप्सन छान्नुहोस् ।

त्यसपछि Reset खण्डमा स्क्रोल डाउन गरी repair बटनमा क्लिन गर्नुहोस् । सो प्रक्रिया सम्पन्न भएसँगै रिपेयर बटनको छेउमा चेकमार्क देखापर्छ । यदि यसो गर्दा समेत फाइल खुलेन भने तपाईंले एप रिसेट गर्नुहोस् । एप रिसेट गर्दा चाहिं त्यसमा भएका सबै डेटाहरु डिलिट हुन्छन् ।

**३. अर्कै एपबाट जेपिजी फाइल खोल्नुहोस्**

यदि माथिका तरिकाहरू अपनाउँदा पनि कम्प्युटरमा जेपिजी फाइल खुलेन भने तपाईंले अर्को फोटो भ्युअर एपबाट जेपिजी फाइल खोल्न सक्नुहुन्छ ।

एपस्टोरमा धेरैवटा उत्कृष्ट फोटोज एपहरु हुन्छन् र तपाईंले त्यसमध्येबाट आफूलाई मनपर्ने कुनै पनि फोटो भ्युअर एप डाउनलोड गर्न सक्नुहुन्छ । उक्त एप इन्स्टल गरिसकेपछि आफूले खोल्न खोजेको जेपिजी फाइलमा राइट क्लिक गर्नुहोस् र इउभल धष्तज मा गई सम्बन्धित फोटो भ्युअर एपमा क्लिक गर्नुहोस् ।

**४. SFC Scan को प्रयोग गर्नुहोस्**

कम्प्युटरमा रहेका करप्ट तथा missing system फाइलका कारण पनि यस्तो समस्या आएको हुनसक्छ । यसका लागि विन्डोजमा निकै उपयोगी टूल रहेको छ, जसको नाम हो SFC अर्थात् system file checker ।

यसले कम्प्युटरमा रहेका करप्ट फाइललाई आफै स्क्यान गर्दछ र त्यसको क्यास भर्सनले प्रतिस्थापन गर्दछ । कम्प्युटरमा SFC चालु गर्नका लागि :

- सर्च मेन्यु खोल्नका लागि Win±S थिच्नुहोस्
- बक्समा cmd टाइप गर्नुहोस् र Run as administrator छान्नुहोस्
- User Account Control (UAC) प्रम्प्ट देखिएसँगै Yes मा क्लिक गर्नुहोस्
- त्यसपछि sfc/Sfc/scannow टाइप गरी Enter थिच्नुहोस् ।

यति गरेपछि स्क्यान पूरा हुन्जेलसम्म पर्खिनुहोस् र पूरा भैसकेपछि कम्प्युटर रिस्टार्ट गर्नुहोस् ।

अब तपाईंको कम्प्युटरमा जेपिजी फाइल नखुल्ने समस्या समाधान हुनेछ । ***-अनलाइन खबर डटकम***

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८१/०६/२१**

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग र द एसिया फाउन्डेसनको साझेदारीमा सञ्चालित युएसएआईडी नागरिक समाज र सञ्चार कार्यक्रम अन्तर्गत पाल्पा विकास केन्द्रले पाल्पा र गुल्मीमा कार्यान्वयन हुन लागेको Civil Society Collaboration and Strengthening of online Media at Palpa and Gulmi Districts कार्यक्रमको लागि कर्मचारी आवश्यक्ता परेको हुँदा इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

**१. परियोजना संयोजक -१ जना**
**२. कार्यक्रम-मिडिया अधिकृत -१ जना**
**३. प्रशासनिक-लेखा अधिृकत -१ जना**

**आवश्यक न्यूनतम योग्यता : क.**परियोजना संयोजकको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा स्नातक तह उर्तिण गरी Mass Communication मा कम्तीमा प्रमाणपत्र तह अध्ययन गरेको हुनुपर्नेछ । साथै मिडिया तथा सामाजिक संघ संस्थामा रही कम्तीमा १० वर्ष भन्दा बढीको कार्य अनुभवको लागि पहिलो प्राथमकिता दिइनेछ ।

**ख.** कार्यक्रम-मिडिया अधिकृतको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा स्नातक तह उर्तिण गरी मिडियासँग सम्बन्धित वा सामाजिक क्षेत्रमा कम्तीमा ३ बर्ष कार्य अनुभव भएको हुनुपर्नेछ ।

**ग.** प्रशासनिक-लेखा अधिृकतको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन विषयमा स्नातक तह उर्तिण गरी सम्वन्धित विषयमा कम्तीमा २ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।

- थप योग्यता सम्बन्धी व्यवस्था संस्थाको कर्मचारी प्रशासन नियमावली र प्रचलित कानून अनुसार हुनेछ । माथि उल्लेखित पदहरुको सेवा सुविधा संस्थाको नियम अनुसार हुनेछ । छनोट भएका कर्मचारीको हकमा ६ महिना परीक्षण काल रहनेछ ।
- महिला, युवा तथा सिमान्तकृत समुदायका योग्यता हासिल गरेका व्यक्तिहरुलाई दरखास्त दिन प्रोत्साहन गरिन्छ ।

योग्यता हासिल गरेका इन्छुक व्यक्तिहरुले निवेदनका साथ आफ्नो व्यक्तिगत विवरण palpatdc.dov@gmail.com मा इमेल मार्फत पठाउनु पर्नेछ । सूचना प्रकाशित मितिले ५ दिन भित्र प्राप्त भएका निवेदनहरुलाई मात्र मूल्यांकन प्रक्रियामा सामेल गरिनेछ । इमेलबाट प्राप्त आवेदनहरूलाई छोटो सूची (Shortlist) गरी इमेल मार्फत थप प्रक्रिया बारेमा जानकारी गराइने छ । छोटो सूची (Shortlist) मा परेकालाई मात्रै लिखित तथा मौखिम परीक्षामा सहभागी गराइने छ ।

**पदपूर्ति समिति**
**पाल्पा विकास केन्द्र**
**तानसेन पाल्पा**

# रामपुरमा प्लाष्टिकका फूल, माला बिक्रीमा निषेध




**पाल्पा,** असोज २१/ नेपालीहरुको महान पर्व दसैं, तिहार नजिकिदै छ । पर्वकै छेकोमा प्लाष्टिकजन्य फूल गुच्छाको आयात पनि बढ्दै गएको छ । तर रामपुर नगरपालिकाले आयातित प्लाष्टिकजन्य फूलका गुच्छा तथा माला विक्री वितरणमा रोक लगाएको छ ।

उसले प्लाष्टिका मालालाई प्रतिबन्ध लगाउँदै कृषकले उत्पादन गरेको प्राकृतिक फूलमाला मात्र प्रयोग गर्न आमनागरिकलाई आग्रह गरेको छ । प्लाष्टिकजन्य फूल तथा मालाले वातावरणीय प्रदुषण बढाउनुका साथै मानव स्वास्थ्यमा समेत प्रतिकुल असर गर्ने, स्थानीय कृषकबाट उत्पादित फूलले बजार नपाउने तथा ठूलो धनराशी बाहिरिने भन्दै प्राकृतिक फूलमाला मात्र प्रयोग गर्न नगरपालिकाले आग्रह गरेको हो । पर्वहरुको पूर्वसन्ध्यामा नगरपालिकाले आइतबार एक सूचना जारी गर्दै कृतिम फूल तथा माला प्रयोग नगर्न आग्रह गरेको छ । सूचनामा भनिएको छ, 'नेपालीहरुको महान पर्व विजया दशमी, शुभदिपावली, नेपाल संवत्, छठ पर्व लगायत विभिन्न महोत्सव तथा अन्य सभा समारोहमा प्लास्टिकजन्य फूलगुच्छा, माला लगायतका सामग्रीको उत्पादन, आयात, विक्री वितरण र भण्डारण नगर्न नगराउनु हुनका लागि सम्बन्धित सम्पूर्णमा जानकारी गराईन्छ ।'

साथै सूचनामार्फत नगर क्षेत्र भित्र उत्पादन भैरहेको सयपत्री, गोदावरी र मखमली लगायतका फूलहरु एवं सोबाट बनेका मालाहरु मात्र प्रयोग गर्न अनुरोध गरिएको छ ।

नगर प्रमुख रमण बहादुर थापाले स्थानीयस्तरमा फूल उत्पादनमा लागेका व्यवसायीलाई प्रोत्साहनसँगै प्लास्टिक सामग्रीलाई निरुत्साहित गर्न प्लास्टिकका मालालाई प्रयोग नगर्न आग्रह गरिएको बताए । वातावरणीय रूपमा प्लास्टिकका मालाले प्रदूषण गर्ने र स्थानीयस्तरमा कृषकले उत्पादन गरेका फूलले बजार नपाउने भएका कारण पालिकाले प्लास्टिक मालालाई प्रतिबन्ध गरेको उनको भनाई छ । प्राकृतिक फूलको प्रवर्द्धन र स्वास्थ्यलाई ध्यानमा राख्दै प्लास्टिकजन्य फूल, माला उत्पादन, भण्डारण र बिक्री वितरण नगर्न आग्रह गरिएको उपप्रमुख बालकुमारी थापाले बताइन् । अनुगमनको क्रममा बजारमा प्लास्टिकजन्य फूल तथा माला भेटिएमा कानुनी व्यवस्था अनुसार कारवाही समेत गर्ने उनले बताईन् ।

आइतबार बसेको कार्यपालिका बैठकले उक्त निर्णय गरेको रामपुर नगरपालिकाका प्रवक्ता कपिल बहादुर खाँणले जानकारी दिए । उनले दसैं लगतै व्यवसायीहरुले तिहारलाई लक्षित गरी प्लाष्टिकका फूल तथा मालाहरु आयात गर्दा व्यवसायी समस्यामा पर्न सक्ने भएकाले कार्यपालिकाले चाँडै निर्णय गरेको बताए । प्रमुख प्रशासकिय अधिकृत सुर्य दर्शन पण्डितले कार्यापालिकाको निर्णयलाई पूर्ण रुपमा कार्यान्वयन गरिने बताए ।

## खेलकुद समाचार

### महिला विश्वकपमा भारत र वेस्ट इन्डिज विजयी



**काठमाडौं,** २१ असोज/आईसीसी महिला टी-२० विश्वकप क्रिकेटमा भारतले पाकिस्तानलाई ६ विकेटले हराएको छ । पाकिस्तानले दिएको १ सय ६ रनको लक्ष्यपछ्याएको भारतले १८ ओभर ५ बलमा ४ विकेट गुमाएर १ सय ८ रन बनायो ।

भारतका लागि शेफाली वर्माले सर्वाधिक ३२ रन बनाइन् । पाकिस्तानकी फातिमा सानाले २ विकेट लिइन् । यसअघि दुबईमा टस जितेर पहिले ब्याटिङ गरेको पाकिस्तानले २० ओभरमा ८ विकेट गुमाएर १ सय ५ रन बनाएको थियो । पाकिस्तानकी निदा दारले २८ रन बनाइन् । भारतका लागि अरुन्धती रेड्डीले ३ विकेट लिईन् । यस्तै आइतबार भएको दोस्रो खेलमा वेस्ट इन्डिजले स्कटल्यान्डलाई हराएको छ । स्कटल्यान्डले दिएको १ सय रनको लक्ष्य पछ्याएको वेस्ट इन्डिजले ११ ओभर ४ बलमा ४ विकेट गुमाएर भेट्टायो । वेस्ट इन्डिजकी क्वीना जोशेफले सर्वाधिक ३१ रन बनाउँदा स्कटल्याण्डकी अफि फ्लेचरले ३ विकेट लिइन् । टस जितेर पहिले ब्याटिङ गरेको स्कटल्याण्डले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर ९९ रन बनाएको थियो । उसका लागि अइल्सा लिइष्टरले २६ रन बनाइन् । वेस्ट इन्डिजकी ओलिभिया बेलले २ विकेट लिइन् ।

**वर्गिकृत डिस्प्ले**
*१ X ५ साइजमा मात्र*
वर्गिकृत डिस्प्लेमा
विज्ञापन दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# सुनको भाउ तोलामा पाँच सयले घट्यो



**पाल्पा,** असोज २१/सोमबार सुन र चाँदी दुवैको भाउ घटेको छ । सुनको भाउ तोलामा पाँच सय रुपैयाँले घटेको हो । सोही दिन सुनको भाउ तोलामा पाँच सय रुपैयाँले घटेर एक लाख ६० हजार पाँच सय रुपैयाँमा कारोबार भइरहेको नेपाल सुनचाँदी व्यवसायी महासैले जनाएको छ ।

आइतबार सुनको भाउ तोलामा एक लाख ६१ हजार रुपैयाँ रहेको थियो । गएको शुक्रबार भने सुन अहिलेसम्मकै उच्च एक लाख ६१ हजार तीन सय रुपैयाँ पुगेको थियो ।

त्यस्तै सोमबार चाँदीको भाउ पनि घटेको छ । सोहिदिन चाँदीको भाउ तोलामा पाँच रुपैयाँले घटेर तोलाको एक हजार नौ सय ८० रुपैयाँमा कारोवार भइरहेको महासैले जनाएको छ । आइतबार -चाँदीको भाउ एक हजार नौ सय ८५ रुपैयाँ रहेको थियो ।



















कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई